# कोशी प्रदेश सरकारको
# भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना
# (२०८१/८२-२०८५/८६)

प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कोशी प्रदेश, विराटनगर, नेपाल

## परिच्छेद -१

## प्रारम्भिक

### १.१ पृष्ठभूमि

संयुक्त राष्ट्र संघीय भ्रष्टाचार विरुद्धको महासन्धि, २००३ (United Nation Convention Against Corruption - UNCAC) को कार्यान्वयन गर्ने सन्दर्भमा नेपालको संविधान बमोजिम भ्रष्टाचार निवारणको लागि भ्रष्टाचारजन्य अपराधको अनुसन्धान तथा अभियोजन गर्ने मुख्य जिम्मेवारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भए तापनि भ्रष्टाचार नियन्त्रणको लागि निरोधात्मक र प्रवर्द्धनात्मक कार्य गर्ने प्रमुख जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह सबैको हो। सोही बमोजिम प्रदेश सरकारले पनि आफ्नो प्रदेश भित्र राष्ट्रिय रणनीति तथा कार्ययोजनासँग तादम्यता हुने गरी र आफ्नो प्रदेशको भ्रष्टाचार न्यूनीकरण हुने गरी भ्रष्टाचार न्यूनीकरण सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न आवश्यक रहेको छ।

### १.२ प्रगति

भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धीलाई संयुक्त राष्ट्र संघीय महासभाले ३१ अक्टोवर सन् २००३ मा अनुमोदन गरी १४ डिसेम्बर सन् २००५ देखि लागू भएकोमा नेपालले महासन्धीलाई २३ फेव्रुअरी सन् २०११ मा अनुमोदन गरी पक्ष राष्ट्र भए सँगै महासन्धीले सिर्जना गरेको दायित्व पूरा गर्न नेपाल सरकारले बहुक्षेत्रहरु समेटी भ्रष्टाचार विरुद्धका कार्यक्रमलाई बुँदागत रुपमा उल्लेख गरी स्पष्ट उद्देश्य सहित विभिन्न निकायहरुको कार्यक्षेत्र र जिम्मेवारी किटान गरिएको रणनीति तथा कार्ययोजना, २०६९ जारी गरी कार्यान्वयन गर्दै आएको छ भने प्रदेश सरकार र स्थानीय तहले भ्रष्टाचार विरुद्धका निरोधात्मक र प्रवर्द्धनात्मक क्रियाकलापहरु समावेश गरी भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना तयार गर्न र कार्यान्वयन गर्न निर्देशन समेत प्राप्त भएको छ। प्रदेश सरकारको कार्यविभाजनमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्ने विषयहरु समावेश भएका छन् भने प्रदेश सभा सचिवालयमा सुशासन तथा योजना समितिसमेत गठन भएको छ। प्रदेश सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन,२०७६ तथा नियमावली, २०७९ जारी भई कार्यान्वयनमा रहेका छन्।

### १.३ रणनीति तथा कार्ययोजनाको आवश्यकता

प्रदेश सरकार सबै किसिमका भ्रष्टाचार तथा अनियमितता न्यूनीकरण गरी सुशासन कायम गर्न प्रतिवद्ध छ। सार्वजनिक प्रशासनलाई

स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त र जनउत्तरदायी बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न कानूनी तथा संस्थागत व्यवस्था सशक्त वनाउनु पर्ने देखिएको छ। त्यसैगरी नेपाल भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धीको पक्ष राष्ट्र भएकाले महासन्धीको प्रभावकारी कार्यान्वयन पनि आवश्यक रहेको छ।

गम्भीर प्रकृतिका अनियमितता तथा भ्रष्टाचार हुने बढी जोखिमयुक्त क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा प्रवर्द्धनात्मक, निरोधात्मक र नियमनकारी कार्यहरुलाई थप प्रभावकारी बनाउन आवश्यक देखिएको छ। यसर्थ विभिन्न अध्ययन, मूल्याङ्कन र अनुभवले औंल्याएका सुझावलाई अवलम्बन गरी प्रदेशमा आर्थिक अनुशासन, सुशासन कायम गर्न सम्बद्ध अनुसूची १ बमोजिमका प्रदेशका निकाय तथा निजी क्षेत्रको सक्रिय सहभागितामा भ्रष्टाचार विरुद्धको प्रादेशिक रणनीति तथा कार्ययोजना तर्जुमा गरी लागू गरिएको छ।

## १.४ उद्देश्य तथा रणनीति

यस रणनीति तथा कार्ययोजनाको प्रमुख उद्देश्य भ्रष्टाचार विरुद्धका प्रवर्द्धनात्मक तथा निरोधात्मक क्रियाकलापहरु सञ्चालन गर्नु रहेको छ। उक्त उद्देश्य प्राप्तिका लागि रणनीति तथा कार्ययोजना परिच्छेद -२ मा विस्तृत रुपमा प्रस्तुत गरिएको छ।

## १.५ कार्यान्वयन संयन्त्र

सबै मन्त्रालय/सचिवालय/आयोग/कार्यालय र मातहतका निकायले यस रणनीति तथा कार्ययोजनाको अनुगमन, समीक्षा र प्रगति प्रतिवेदन पेश गर्नका लागि सम्पर्क विन्दुको रुपमा काम गर्न कुनै इकाई/शाखा/महाशाखालाई तोक्नु पर्नेछ। उक्त इकाई/शाखा/महाशाखाले आफू र मातहत निकायको नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्नेछ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सबै मन्त्रालय र निकायले गरेको कार्य प्रगतिको प्रतिवेदन तयार गरी मुख्यमन्त्री समक्ष पेश गर्नु पर्नेछ।

## १.६ स्रोत साधन व्यवस्था

यस रणनीति तथा कार्ययोजनामा उल्लेख भएका क्रियाकलापको कार्यान्वयनमा जिम्मेवार सम्बद्ध निकायले यस रणनीति तथा कार्ययोजनालाई आ-आफ्नो वार्षिक वजेट तथा कार्यक्रमसँग आवद्ध गरी कार्यान्वयन गर्नुपर्नेछ।

## १.७ अनुगमन तथा प्रतिवेदन

यो रणनीति तथा कार्ययोजनाले निर्धारण गरेका क्रियाकलापहरुको कार्यान्वयनमा भएको प्रगति सम्बन्धमा सम्बद्ध सबै मन्त्रालय/निकायबाट अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पठाउनु पर्ने छ। यो रणनीति तथा कार्ययोजनाको नियमित अनुगमनको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुनेछ। प्रत्येक मन्त्रालयले प्रचलित नीति तथा कानूनको अधिनमा रही आफ्नो क्षेत्र भित्रका निकाय वा संस्थाको नियमित अनुगमन तथा कार्य समीक्षा गर्नुपर्नेछ।

## १.८ अपेक्षित उपलब्धी

यो रणनीति र कार्ययोजनाको कार्यान्वयनबाट प्रदेशमा भ्रष्टाचार न्यूनीकरण तथा सुशासन कायम भएको हुने छ। त्यसैगरी यसको कार्यान्वयनबाट प्रदेश सरकारको काम कारवाही प्रति जनताको विश्वास अभिवृद्धि भएको हुनेछ। मूलतः यो रणनीति र कार्ययोजनाको सफल कार्यान्वयनबाट सेवा प्रवाहमा प्रभावकारीता आउने अपेक्षा गरिएको छ।

## १.९ संशोधन र परिमार्जन

प्रदेश सरकारका मन्त्रालय/सचिवालय/आयोग/कार्यालय तथा मातहतका निकायमा यस रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्दा कुनै द्विविधा वा वाधा उत्पन्न भएमा प्रदेश सरकारले आवश्यक संशोधन गर्न सक्नेछ।

# परिच्छेद -२
# रणनीति तथा कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित प्रतिफल/ अनुगमन सूचक | समयावधी | कै. |
|---|---|---|---|---|---|---|
| १ | **भ्रष्टाचार विरुद्ध सार्वजनिक पदाधिकारीमा जवाफदेहीता प्रवर्द्धन गर्ने** | | | | | |
| १.१ | मन्त्रिपरिषद्का सदस्यले पालना गर्नुपर्ने आचरण तयार गरी लागू गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश मन्त्रालय सबै | • आचारसंहिता तयार भई लागू भएको हुने,<br>• आचार संहिता website मार्फत सार्वजनिक गरिएको हुने, | तुरुन्त<br>तुरुन्त | |
| १.२ | सार्वजनिक निकायका पदाधिकारीका सचिवालय कर्मचारीले पालना गर्नुपर्ने आचरण तयार गरी लागू गर्ने। (माननीय मुख्यमन्त्री/मन्त्रीको सचिवालय, माननीय प्रदेश सभा सदस्यका स्वकीय) | प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश मन्त्रालय सबै | • आचारसंहिता तयार भई लागू भएको हुने,<br>• आचार संहिता website मार्फत सार्वजनिक गरिएको हुने, | तुरुन्त<br>तुरुन्त | |
| १.३ | सार्वजनिक जवाफदेही तथा लाभको पदमा रहने पदाधिकारीले कानूनबमोजिमको सुविधा लिने संस्कार कायम गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित सबै निकाय | • कानूनी व्यवस्था भएको हुने,<br>• संस्कार कायम भएको हुने, | तुरुन्त<br>नियमित | |
| १.४ | निश्चित मापदण्डका आधारमा मन्त्रीको सल्लाहकार नियुक्त गर्ने पद्धति विकास गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश मन्त्रालय सबै | • सल्लाहकार संख्या निर्धारण भएको हुने,<br>• TOR र मापदण्ड तय भएको हुने, | तुरुन्त<br>तुरुन्त | |
| १.५ | भ्रष्टाचार मुद्धामा सजाय पाएका व्यक्तिलाई राजनितिक नियुक्ति नगर्ने। | प्रदेश सरकार (मन्त्रिपरिषद्), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • कानूनी व्यवस्था भएको हुने,<br>• सजाय पाएका व्यक्ति नियुक्त भएको भए कारवाही भएको हुने, | तुरुन्त<br>निरन्तर | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित प्रतिफल/ अनुगमन सूचक | समयावधी | कै. |
|---|---|---|---|---|---|---|
| १.६ | प्रदेश सरकार अन्तर्गत नियुक्ति गरिने राजनैतिक प्रकृतिका सार्वजनिक पदमा नियुक्ति गर्दा नियुक्ति सम्बन्धी सिद्धान्तका मापदण्ड अनुसरण गर्ने। | नियुक्ती गर्ने निकाय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • नियुक्तिको आधारहरु, प्रक्रिया र मापदण्ड तयार भएको हुने, | तुरुन्त | |
| २ | भ्रष्टाचारको रोकथाम तथा नियन्त्रण गर्न राजश्व व्यवस्थापन, आयोजना छनौट तथा खरिदको व्यवस्थापन गर्ने | | | | | |
| २.१ | कानूनले निर्धारण गरेको समयावधि भित्रै राजश्व तथा कर उठाउने। | सम्बन्धित कार्यालय | आर्थिक मामिला तथा योजना मन्त्रालय | • तोकेको समयावधिमा लक्षित राजश्व संकलन भएको हुने,<br>• विवरण अनुगमन गरिएको हुने, | तुरुन्त<br>निरन्तर | |
| २.२ | राजस्व चुहावट नियन्त्रण गर्न प्रभावकारी अनुसन्धान, समन्वय र सूचना प्रणालीको आदानप्रदान गर्ने संयन्त्र विकास गर्ने। | आर्थिक मामिला तथा योजना मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • संयन्त्र विकास भएको हुने, | तुरुन्त | |
| २.३ | प्रचलित कानून तथा स्वीकृत मापदण्डका आधारमा आयोजना छनौट गर्ने र बजेट प्रस्ताव गर्ने पद्धति सञ्चालन गर्ने। | बजेट प्रस्ताव गर्ने मन्त्रालय तथा निकाय | प्रदेश योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय | • मापदण्ड र आधार तय भएको हुने,<br>• मापदण्ड बमोजिम उपलब्धी यकीन गरेर मात्र आयोजना छनौट गरिएको हुने, | तुरुन्त<br>निरन्तर | |
| २.४ | निश्चित समय सीमाभित्र प्रतिफल प्राप्त हुने प्राथमिकता प्राप्त आयोजना तथा आयोजना छनौटका प्रचलित विभागीय मापदण्ड र आधारहरूको विश्लेषण गरी प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (PBMIS) मा प्रविष्टि गरे पश्चात् मात्र बजेट विनियोजन गर्ने। | बजेट प्रस्ताव गर्ने निकाय तथा मन्त्रालय | प्रदेश योजना आयोग | • परियोजना बैंक स्थापना भएको हुने,<br>• परियोजना बैंकमा प्रविष्टि भएको हुने, | तुरुन्त<br>निरन्तर | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित प्रतिफल/ अनुगमन सूचक | समयावधी | कै. |
|---|---|---|---|---|---|---|
| २.५ | योजना छनौट, बजेट तर्जुमा र कार्यान्वयनका हरेक चरणमा राजनीतिक र प्रशासनिक नेतृत्वले सामूहिक जिम्मेवारी र जबाफदेहिता निर्वाह गर्नुपर्ने। | सम्बन्धित मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग | • कार्य सम्पादान सम्झौतामा विषय उल्लेख भएको हुने, | कार्य सम्पादन सम्झौताका समयमा | |
| २.६ | परामर्शदातामार्फत तयार भएका अध्ययन प्रतिवेदनहरुको कार्यान्वयनको सन्दर्भमा विभाग र मन्त्रालयस्तरबाट व्यवस्थित अभिलेख राखी अनुगमनसमेत गर्ने। | सम्बन्धित निकाय | तालूक निकाय | • अभिलेख व्यवस्थापन गरिएको हुने,<br>• कार्यान्वयन भएको हुने, | प्रतिवेदन प्राप्त हुँदाको समयमा<br>निरन्तर | |
| २.७ | परामर्शदाता छनौट प्रक्रिया प्रचलित कानून बमोजिम गर्न Standard Operating Procedures (SOP) निर्माण गर्ने। | सम्बन्धित कार्यालय | सम्बन्धित मन्त्रालय | • आन्तरिक नियन्त्रण प्रणालीमा समावेश गर्ने | १ वर्षभित्र | |
| २.८ | आर्थिक वर्षको अन्त्यमा गरिने खरीद कार्यलाई निरुत्साहित गर्ने, हरेक सार्वजनिक खरिदको "औचित्य" र "प्रभावकारिता" पुष्टि हुने गरी तालुक निकायबाट सघन अनुगमन गर्ने, खरिद योजना तयार गरी सो अनुसारको समय सीमाभित्र खरिद प्रक्रिया सम्पन्न गरी सम्झौताको कार्यान्वयन गर्ने। | तालूक निकाय | सम्बन्धित निकाय | • खरिद योजना तयार भई सो बमोजिम खरिद भएको हुने,<br>• अनुगमन योजना तय भई तालूक निकायबाट अनुगमन भएको हुने, | आर्थिक वर्षको सुरुमा<br>निरन्तर | |
| २.९ | उपभोक्ता समितिबाट काम गराउनु पर्दा सार्वजनिक खरिद सम्बन्धी कानूनको पालन गर्नु पर्ने। | सम्बन्धित निकाय | तालूक मन्त्रालयल | • वार्षिक खरिद योजना निर्माण गर्दा नै उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना वर्गीकरण गरिएको हुने, | आर्थिक वर्षको सुरुमा | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित प्रतिफल/ अनुगमन सूचक | समयावधी | कै. |
|---|---|---|---|---|---|---|
| २.१० | सार्वजनिक निर्माण कार्यलाई गुणस्तरीय, पारदर्शी र व्यवस्थित गर्न लागत अनुमान, टेण्डरको अंक, निर्माण कार्य सम्पन्न गरिने मिति, स्वीकृत ठेकेदार तथा परामर्शदाताको नाम लगायतका विवरण सार्वजनिक गरी परियोजना स्थलमै टाँस गर्ने व्यवस्था अनिवार्य गर्ने। | सार्वजनिक निर्माण गर्ने सम्बन्धित निकाय | तालूक मन्त्रालय | • सार्वजनिक निर्माण स्थलमा आयोजनाको विवरण सहितको सूचनाको वोर्ड राखिएको हुने,<br>• सूचना वोर्ड राखे नराखेको विषयमा अनुगमन भएको हुने, | आयोजना सुरु हुनु पुर्व<br>निरन्तर | |
| २.११ | आर्थिक वर्षको अन्त्यमा खरिद गर्ने निर्णय गर्दा खरिद गर्नै पर्ने आधार र कारण खोलेर मात्र खरिद गर्ने र सो बेहोरा कार्यालयको वेवसाइटमा राख्ने व्यवस्था मिलाउने। | सम्बन्धित कार्यालय | सम्बन्धित मन्त्रालय | • खरिदको आधार र कारण वेवसाइटमा राखेको हुने | तुरुन्त | |
| २.१२ | प्रारम्भिक वातावरणीय मूल्याङ्कन र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरेर मात्र पूर्वाधार संरचना निर्माण गर्ने। | सम्बन्धित निकाय | पर्यटन, वन तथा वातावरण मन्त्रालय | • प्रारम्भिक वातावरणीय मूल्याङ्कन र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको हुने, | आयोजना सुरु हुनु पुर्व | |
| २.१३ | स्वीकृत वजेट, कार्यक्रम र मार्गदर्शन बमोजिम यथा समयमा नै ठेक्कापट्टा सम्बन्धी कार्य गर्ने गराउने। | सम्बन्धित मन्त्रालय | सम्बन्धित कार्यालय | • तोकिएको समयावधि भित्र कार्य सम्पन्न भएको हुने, | निरन्तर | |
| २.१४ | समयमा नै सम्झौता मुताविक कार्य सम्पन्न नगर्ने व्यवसायी वा फर्मलाई कालो सूचिमा राख्ने प्रणाली विकास गर्ने। | सम्बन्धित निकाय | सार्वजनिक खरिद अनुगमन कार्यालय | • कालो सूचिमा राख्ने निर्णय गरी सार्वजनिक खरिद तथा अनुगमन कार्यालयमा लेखिएको हुने, | निरन्तर | |
| २.१५ | आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति नलिई वा अर्को वर्षमा वजेट व्यवस्थाको सुनिश्चितता प्राप्त नगरी स्वीकृत वजेट भन्दा माथिको कार्य नगर्ने/नगराउने। | सम्बन्धित निकाय | आर्थिक मामिला तथा योजना मन्त्रालय | • कानूनी व्यवस्था भएको हुने, | तुरुन्त | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित प्रतिफल/ अनुगमन सूचक | समयावधी | कै. |
|---|---|---|---|---|---|---|
| २.१६ | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावलीको व्यवस्था बमोजिम समयभित्रै प्रत्येक वर्ष लिलाम गर्ने व्यवस्था मिलाउने। | सम्बन्धित निकाय (सम्पत्ति व्यवस्थापन शाखा) | सम्बन्धित तालूक मन्त्रालय | • वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन जारी भएको हुने,<br>• प्रतिवेदनमा लिलाम गर्नुपर्ने सामानको विवरण उल्लेख भएको भए लिलाम भएको हुने, | आ.व. सुरु भएको पहिलो महिना भित्र<br>निरन्तर | |
| ३ | अनुदान तथा सहायता वितरणमा पारदर्शिता प्रवर्द्धन गर्ने | | | | | |
| ३.१ | औषधि उपचार, क्षतिपूर्ति वितरण लगायतका प्रदेश सरकारबाट दिइने सबै सहायताको मापदण्ड र वितरणको छुट्टै कार्य निर्देशिका वनाई लागू गर्ने। | सम्बन्धित निकाय | सम्बन्धित तालूक मन्त्रालय | • निर्देशिका तथा मापदण्ड बनेको हुने,<br>• विवरण सार्वजनिक भएको हुने, | तुरुन्त<br>निरन्तर | |
| ३.२ | सार्वजनिक निकायबाट वितरण भएको आर्थिक सहायताको विवरण भूक्तान भएको मितिले १५ दिन भित्र website तथा सूचना पाटीमा सार्वजनिक गर्ने। | सम्बन्धित निकाय | सम्बन्धित तालूक मन्त्रालय | • सहायताको विवरण सार्वजनिक भएको हुने, | निरन्तर | |
| ४ | सार्वजनिक पदाधिकारिहरुको कार्यसम्पादन करार, आचारसंहिता तर्जुमा र कार्यान्वयन गर्ने | | | | | |
| ४.१ | व्यवस्थापकीय पदहरूमा कार्यसम्पादन करारलाई अनिवार्य गरी सोको प्रभावकारी कार्यान्वयनका लागि करार अवधिभर सरुवा नगर्ने। कार्यसम्पादन करारलाई कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने। | सम्बन्धित मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • कार्य सम्पादन करारको ढाँचा तयार तथा अध्यावधिक भएको हुने,<br>• कम्तिमा उपसचिव तहसम्म कार्यसम्पादन करार गरिएको हुने,<br>• कार्य सम्पादन करार वमोजिम कार्य सम्पादन भएको हुने, | तुरुन्त<br>श्रावण मसान्त भित्र, नयाँ कर्मचारी सरुवा भई आउँदा पदस्थापना सँगै निरन्तर | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित प्रतिफल/ अनुगमन सूचक | समयावधी | कै. |
|---|---|---|---|---|---|---|
| ४.२ | प्रदेश सरकारका मन्त्रालय/सचिवालय/ आयोग/ कार्यालय र मातहतका निकाय तथा अर्ध सरकारी निकायबाट तोकिएको समय र लागतमा सेवा उपलब्ध नगराएमा जिम्मेवार पदाधिकारी उपर कारवाही गर्ने। | सम्बन्धित निकाय | नेपाल सरकार, प्रदेश सरकारका अनुगमनकारी निकायहरु, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • उजुरी/गुनासो/अनुगमन प्रतिवेदन/ लेखा परीक्षण प्रतिवेदनका आधारमा सेवा सुविधा समय र लागत उपलब्ध नगराएको एकिन हुने,<br>• नगराएको प्रमाणित भएमा कारवाही गरिएको हुने, | उजुरी/गुनासो/ प्रतिवेदन प्राप्त भएको समयमा<br>निरान्तर | |
| ४.३ | पदीय र पेशागत आचारसंहिता तथा सदाचार पद्धतिको तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वयन गर्ने। | सम्बन्धित निकाय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • आचारसंहिता तयार भई लागू तथा website मार्फत सार्वजनिक गरिएको हुने, | तुरुन्त | |
| ५ | भ्रष्टाचार न्यूनीकरणको लागि कानूनको कार्यान्वयन | | | | | |
| ५.१ | भ्रष्टाचार विरुद्धका कार्यहरुको नियमित रुपमा अनुगमन गर्ने र सोको नतिजा सार्वजनिक गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित निकाय | • नियमित रुपमा प्रगति विवरण संकलन भएको हुने,<br>• विवरण सार्वजनिक गरिएको हुने, | निरन्तर<br>निरन्तर | |
| ५.२ | भ्रष्टाचार विरुद्धका कानूनको दृढतापूर्वक कार्यान्वयन गर्ने। | सम्बन्धित निकाय | मन्त्रालय | • अनुगमन सूचक र प्रतिवेदनहरु कार्यान्वयन भएको हुने,<br>• कानून कार्यान्वयन भएको नभएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालबाट अनुगमन हुने, | निरन्तर<br>निरन्तर | |
| ५.३ | भ्रष्टाचारको रोकथाम तथा नियन्त्रणका क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकासको लागि विशेष तथा उच्च स्तरको प्रशिक्षणका कार्यक्रम सञ्चालन गर्ने। | प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • तालिम तथा अभिमूखीकरण कार्यक्रम सञ्चालन भएको हुने, | आवश्यकताअनुसार | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित प्रतिफल/ अनुगमन सूचक | समयावधी | कै. |
|---|---|---|---|---|---|---|
| ५.४ | भ्रष्टाचार विरुद्ध कार्यरत निकाय र संस्थाहरुबीच कार्यमूलक समन्वय र सूचना सञ्जाल विकास गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित निकाय र भ्रष्टाचार विरुद्ध कार्यरत निकाय र सस्था | • अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन भएको हुने,<br>• सूचनाको आदान प्रदान भएको हुने, | वार्षिक<br>निरन्तर | |
| ५.५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदनका सुझावहरु र आयोगबाट जारी भएका सुझाव तथा निर्देशनलाई कार्ययोजना वनाई कार्यान्वियन गर्ने र सो को प्रतिवेदन पेश गर्ने | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, | सम्बन्धित निकाय | • कार्ययोजना निर्माण भएको हुने,<br>• कार्ययोजना बमोजिम प्रतिवेदन पेश भएको हुने, | वार्षिक<br>नियमित रुपमा | |
| ५.६ | भ्रष्टाचार विरुद्ध सामग्री निर्माण गरी प्रचार-प्रशार गर्ने। | सम्बन्धित निकाय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • भ्रष्टाचार विरुद्धका सामग्री निर्माण भएको हुने,<br>• प्रचार-प्रशार गरिएको हुने, | आ.व. को पहिलो त्रैमासिक भित्र<br>निरन्तर | |
| ५.७ | भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित निकाय | • आधिकारिक सूचना जानकारी सहितको विद्युतीय सूचना वोर्ड, सूचना पाटी हेल्प डेक्स आदिमा सूचना प्रवाह गरिएको हुने,<br>• गोष्ठि सञ्चालन भएको हुने, | निरन्तर<br>आवश्यकता अनुसार | |
| ५.८ | अनुचित कार्य तथा भ्रष्टाचार सम्बन्धी सूचना संकलन, परिमार्जन र विश्लेषणको कार्यलाई भरपर्दो बनाउने र त्यस्तो कार्यमा प्रत्येक नागरिक र सक्रिय संघसस्थाहरुलाई प्रोत्साहित गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित निकाय | • सूचना संकलन/विश्लेषण/परिमार्जन गरिएको हुने,<br>• सक्रिय संघसस्थाहरुसँग समन्वय बैठक गरिएको हुने,<br>• विषयगत निकायबाट अनुगमन र प्रतिवेदन गरिएको हुने, | आवश्यकतानुसार<br>आवश्यकतानुसार<br>नियमित | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित प्रतिफल/ अनुगमन सूचक | समयावधी | कै. |
|---|---|---|---|---|---|---|
| ५.९ | प्रत्येक सार्वजनिक निकायमा भ्रष्टाचार विरुद्धको सूचना सामग्री सार्वजनिक रुपमा राख्ने र सो सूचना सँगै उजुरी पेटीका राख्ने। | सम्बन्धित निकाय | सम्बन्धित मन्त्रालय | • सूचना सामग्री र उजुरी पेटीका राखिएको हुने | तुरुन्त | |
| ५.१० | भ्रष्टाचार रोकथामका लागि निगरानी/अनुगमन गर्ने। | सम्बन्धित निकाय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय | • अनुगमन गरी प्रतिवेदन पेश भएको हुने, | निरन्तर | |
| ५.११ | सार्वजनिक निकायले भ्रष्टाचारविरुद्ध सजग र संवेदनशील रही नियामक निकायका निर्देशन र सुझावहरू कार्यान्वयन गर्ने। | सम्बन्धित निकाय | सम्बन्धित मन्त्रालय | • नियामक निकायबाट प्राप्त निर्देशन र सुझाव कार्यान्वयन भएको हुने, | तुरुन्त | |
| ५.१२ | कर्मचारीको प्रशिक्षण सम्बन्धी पाठ्यक्रममा नैतिक शिक्षा तथा भ्रष्टाचार विरुद्धको जनचेतना बढाउने पाठ्य सामग्री समावेश गर्ने। | प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, अन्य मन्त्रालय तथा निकायका तालिम केन्द्र | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्बन्धित मन्त्रालय | • तालिम पाठ्यक्रममा व्यवस्था भएको हुने, | तुरुन्त | |
| ५.१३ | सबै मन्त्रालय, निकाय तथा मातहतका कार्यालयहरुको वित्तीय सुशासन जोखिम मूल्याङ्कन र व्यवस्थापन परीक्षण गरी सो को वार्षिक रुपमा प्रतिवेदन प्रकाशन गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित निकाय, | • परीक्षण प्रतिवेदन प्रकाशन भएको हुने, | वार्षिक रुपमा | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित प्रतिफल/ अनुगमन सूचक | समयावधी | कै. |
|---|---|---|---|---|---|---|
| ६ | सार्वजनिक प्रशासनमा पारदर्शिता वृद्धि गर्न सार्वजनिक सूचना प्रवाह गर्ने | | | | | |
| ६.१ | सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनमा प्रभावकारीता ल्याउने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित निकाय | • सूचनाको हकको कार्यान्वयन भएको हुने,<br>• सूचनाको हक सम्बन्धी कानून कार्यान्वयनको अनुगमन भएको हुने, | निरन्तर<br>नियमित रुपमा | |
| ६.२ | प्रत्येक निकायले आफ्नो आम्दानी खर्चको विवरण प्रत्येक त्रैमासिक भुक्तान भएको ७ गते भित्र सार्वजनिक गर्ने। | सम्बन्धित निकाय | सम्बन्धित तालूक मन्त्रालय | • आम्दानी र खर्चको विवरण सूचना पार्टिमा टाँस भएको र website मार्फत सार्वजनिक भएको हुने, | नियमित रुपमा | |
| ६.३ | सम्बन्धित निकाय वा कार्यालयका गुनासो सुन्ने प्रणालीलाई विद्युतीय स्वरुपमा रुपान्तरण गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित निकाय | • गुनासो सुन्ने प्रणालि विकास भएको हुने,<br>• विद्युतीय माध्ययमबाट गुनासो व्यवस्थापन र सार्वजनिक गरिएको हुने, | तुरुन्त<br>निरन्तर | |
| ६.४ | तालूक कार्यालयमा पठाउनु पर्ने कार्य सम्पन्न प्रतिवेदनहरु कानूनले तोकेको समयसीमा भित्रै अनिवार्य रुपमा पठाउने व्यवस्था गर्ने। | सम्बन्धित कार्यालय | तालूक मन्त्रालय | • प्रतिवेदनहरु कानूनले तोकेको समयमैं तालूक निकायमा पुगेको हुने, | नियमित रुपमा | |
| ७ | भ्रष्टाचार नियन्त्रण कार्यमा सरोकार निकाय र सेवाग्राहीसँगको सहभागिता अभिवृद्धि गर्ने | | | | | |
| ७.१ | सार्वजनिक निकायले नीतिगत निर्णय र विकास निर्माण, वस्तु तथा सेवाको उत्पादन, प्रवर्द्धन र वितरणका चरणहरुमा सरोकारवाला निकाय र व्यक्तिहरुको सहभागिता सुनिश्चित गर्ने। | सम्बन्धित निकाय | सेवाग्राही तथा सामाजिक संघसस्था | • विषयवस्तुवारे समयमै जानकारी दिइ सहभागी गराइएको हुने, | आवश्यकताअनुसार | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित प्रतिफल/ अनुगमन सूचक | समयावधी | कै. |
|---|---|---|---|---|---|---|
| ७.२ | सेवा प्रवाहको प्रभावकारिताका बारेमा सेवाग्राहीसँग रिपोर्ट कार्डका माध्यमबाट पृष्ठपोषण लिने। | सम्बन्धित सेवा प्रवाह गर्ने निकाय | सेवाग्राही | • सेवाग्राहीको रिपोर्टकार्ड तयार भएको हुने,<br>• सेवाग्राही रिपोर्टकार्ड मार्फत सेवाग्राही सर्वेक्षण संचालन भएको हुने,<br>• पृष्ठपोषणको आधारमा सेवा प्रवाह सुधार भएको हुने, | तुरुन्त<br>वश्यकतानुसार<br>निरन्तर | |
| ८ | भ्रष्टाचार न्यूनीकरणका लागि कर्मचारी व्यवस्थापन तथा र क्षमता अभिवृद्धि गर्ने | | | | | |
| ८.१ | कर्मचारीको पदस्थापन तथा सरुवा सम्बन्धमा प्रदेश निजामती सेवा ऐन, नियमावली तथा मापदण्डलाई कडाइका साथ पालना गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्बन्धित मन्त्रालय | सम्बन्धित निकाय | • पदस्थापन र सरुवाको मापदण्ड तयार भएको हुने,<br>• मापदण्ड अनुसार नगर्नेलाई कारवाही भएको हुने, | तुरुन्त<br>निरन्तर | |
| ८.२ | कर्मचारीहरूको स्पष्ट कार्य विवरण बनाई सो अनुरूप कार्य भए नभएको नियमित अनुगमन गर्ने। | सम्बन्धित निकाय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • कार्यविवरण तय भएको हुने,<br>• लागू भए नभएको अनुगमन भएको हुने, | तुरुन्त<br>निरन्तर | |
| ८.३ | नवप्रवेशी कर्मचारीहरुलाई पदीय जिम्मेवारी र काम कारबाहीको बारेमा अनिवार्य अभिमुखीकरणको व्यवस्था गर्ने। | प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, विषयगत मन्त्रालयका प्रशिक्षण प्रतिष्ठान तथा तालिम केन्द्र | सम्बन्धित मन्त्रालय तथा निकाय | • अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने, | श्यकतानुसार | |
| ८.४ | सार्वजनिक निकायमा आवश्यकताका आधारमा प्रचलित कानून र मापदण्ड निर्धारण गरी सेवा करार गर्ने। | सम्बन्धित निकाय | तालूक मन्त्रालय | • सेवा करार आवश्यकता पहिचान भएको हुने,<br>• स्वीकृत दरवन्दी, रिक्त पद र पारिश्रमिक स्वीकृत भएको अवस्थामा मात्र सेवा करार भएको हुने, | सेवा करार गर्ने समयमा<br>सेवा करार गर्ने समयमा | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित प्रतिफल/ अनुगमन सूचक | समयावधी | कै. |
|---|---|---|---|---|---|---|
| ८.५ | निर्माण कार्यको प्राविधिक परीक्षणको निम्ति दक्ष जनशक्तिको व्यवस्था गर्ने। | तालूक मन्त्रालय | सम्बन्धित निकाय | • प्राविधिक परीक्षण हुने निर्माण पहिचान भएको हुने,<br>• दक्ष जनशक्तिको व्यवस्था भएको हुने, | तुरुन्त<br>कतानुसार | |
| ९ | भ्रष्टाचार न्यूनीकरणमा नवीन प्रविधिको खरिद र प्रयोग | | | | | |
| ९.१ | सेवाग्राहीहरूको भिड हुने तथा अन्य संवेदनशील निकाय/कार्यालयहरूमा अनिवार्य CCTV राख्ने तथा यसको फोटो/भिडियो भण्डारण अवधि कानूनले तोकेको समयावधिसम्म सुरक्षित राख्ने प्रबन्ध मिलाउने। | सम्बन्धित निकाय | सम्बन्धित मन्त्रालय | • CCTV राखिएको हुने,<br>• पूर्ण क्षमतामा सञ्चालन भएको हुने,<br>• दृष्यहरु व्यवस्थित भण्डार भएको हुने, | तुरुन्त<br>निरन्तर<br>निरन्तर | |
| ९.२ | नागरिक बडापत्रको उपयोग, सेवा प्रवाहको अवस्था अनुसार वढी भिडभाड हुने प्रकृतिका निकायहरुमा अडियो सहितको डिजिटल नागरिक वडापत्रको व्यवस्था, हेल्प डेस्कको व्यवस्था, अनलाइन राजस्व भुक्तानी प्रणाली र गुनासो व्यवस्थापन प्रणाली जस्ता उपायहरूको अवलम्वन गरी सेवा प्रवाहलाई सहज वनाउने | सम्बन्धित निकाय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • नागरिक बडापत्र, अडियो सहितको डिजिटल नागरिक वडापत्रको व्यवस्था, हेल्प डेस्कको व्यवस्था, अनलाइन राजस्व भुक्तानी प्रणालीको व्यवस्था भएको हुने,<br>• अनुगमन मूल्याङ्कन भएको हुने,<br>• गुनासो फर्स्यौटको विवरण सार्वजनिक भएको हुने, | तुरुन्त<br>निरन्तर<br>निरन्तर | |
| ९.३ | सार्वजनिक निकायको लागि निर्माण/खरिद गरिएको अनुकुलित सफ्टवेयरको सोर्स कोड, डाटावेश माथि खरिद गर्ने निकायको पूर्ण स्वामित्व रहने र आवश्यकताअनुसार परिमार्जन गर्न सकिने व्यवस्था गर्ने। | सम्बन्धित निकाय | सम्बन्धित मन्त्रालय | • सोर्स कोड, डाटावेश माथि खरिद गर्ने निकायले पूर्ण स्वामित्व रहने व्यवस्था मिलाएको हुने, | तुरुन्त | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित प्रतिफल/ अनुगमन सूचक | समयावधी | कै. |
|---|---|---|---|---|---|---|
| ९.४ | सार्वजनिक निकायले खरिद गर्ने सूचना प्रविधि सम्बन्धी उपकरणहरु तथा सफ्टवेयरमा अपनाउनु पर्ने Security Framework/Measures सम्बन्धमा मापदण्ड बनाइ लागू गर्ने। | सम्बन्धित निकाय | सम्बन्धित मन्त्रालय | • Security Framework/Measures सम्बन्धमा मापदण्ड तय भई लागू भएको हुने, | तुरुन्त | |
| ९.५ | खरिद गर्न लागिएको System Software, Application Software, Operation & Maintenance Services तथा प्रणालीमा प्रविष्ट गरिएको कार्यालयको कारोबार सम्बन्धी Data को सही, पूर्ण, भरपर्दो र विश्वसनीय हस्तान्तरण (Handover) गरी नियमित कारोबारवाट प्राप्त तथ्यांकको समुचित भण्डारण (Backup) गर्ने व्यवस्था मिलाउने। यस्तो कार्य गर्दा आवश्यक पर्ने महत्वपूर्ण सामग्रीहरुको समुचित अभिलेखीकरण (Documentation) समेत गर्ने। | सम्बन्धित निकाय | सम्बन्धित मन्त्रालय | • तथ्यांकको समुचित भण्डारण (Backup) गर्ने व्यवस्था मिलाइएको हुने,<br>• समुचित अभिलेखीकरणको व्यवस्था गरिएको हुने, | तुरुन्त<br>निरन्तर | |
| ९.६ | सञ्चार तथा सूचना प्रविधि प्रणालीको सञ्चालनका लागि कार्यालय स्तरमा नै Standard Operating Procedures सम्बन्धी आवश्यक कार्यविधि र निर्देशिका बनाई लागू गर्ने। नागरिकको सेवा प्रवाहसँग सरोकार राख्ने सञ्चार तथा सूचना प्रविधि प्रणाली सञ्चालन गर्ने हरेक सार्वजनिक निकायले यस्तो प्रविधि प्रयोग गर्ने प्रत्येक कर्मचारीको कार्य विवरण, भूमिका, जिम्मेवारी, र उत्तरदायित्व स्पष्ट हुने गरी Profiling गरी काममा लगाउने। साथै साविक कार्यालयवाट अन्यत्र सरुवा भई जाने अवस्थामा सरुवा हुने कर्मचारीले सम्पूर्ण भौतिक तथा अभौतिक सम्पत्तिको बरबुझारथ एवम् प्रणाली सञ्चालन सम्बन्धी आवश्यक ज्ञान तथा सीप हस्तान्तरण हुने अवस्थाको सुनिश्चित गर्ने। | सम्बन्धित निकाय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • Standard Operating Procedures सम्बन्धी कार्यविधि र निर्देशिका तय भई लागू भएको हुने, | तुरुन्त | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित प्रतिफल/ अनुगमन सूचक | समयावधी | कै. |
|---|---|---|---|---|---|---|
| ९.७ | सबै सार्वजनिक निकायहरूले सम्पत्ति व्यवस्थापन, आन्तरिक नियन्त्रण, लेखापालन लगायत सम्बद्ध विद्युतीय प्रणालीहरू अनिवार्य अवलम्बन गर्दै सोको अनुगमन र प्रतिवेदनसमेत गर्ने। | सम्बन्धित निकाय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, तालूक मन्त्रालय | • विद्युतीय भुक्तानी प्रणाली विकास भएको हुने,<br>• प्रयोग भएको हुने, | तुरुन्त<br>निरन्तर | |
| ९.८ | सबै सरकारी भुक्तानीलाई क्रमशः अनिवार्य विद्युतीय भुक्तानी प्रणालीमा रूपान्तरण गर्ने, गैरविद्युतीय भुक्तानी निरुत्साहित गर्न सम्बन्धित जिम्मेवार निकायले यसको अनुगमन गर्ने। | सम्बन्धित निकाय | प्रदेश लेखा नियन्त्रकको कार्यालय | • विद्युतीय भुक्तानी प्रणाली लागू भएको हुने, | तुरुन्त/निरन्तर | |
| ९.९ | रिक्त पदको माग संकलनदेखि सिफारिस सम्मको सम्पूर्ण चक्रलाई विद्युतीय माध्यम (Digitalize) मा समेत व्यवस्थित गर्ने। | प्रदेश लोक सेवा आयोग, प्रदेश किताबखाना | प्रदेश मन्त्रालय तथा निकाय सबै, स्थानीय तह सबै, | • विद्युतीय माध्यममा समेत व्यवस्थित गरिएको हुने,<br>• पदपूर्ति प्रक्रियाको चक्र स्वचालित रुपमा सञ्चालन भएको हुने, | तुरुन्त<br>निरन्तर | |
| ९.१० | भ्रष्टाचार विरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजनासँग तादम्यता राख्दै रणनीति कार्यान्वयनको अनुगमन तथा अन्य निकाय एवम् स्थानीय तहका लागि रणनीति कार्ययोजना निर्माणमा सहयोग, समन्वय र अन्तर आवद्धता स्थापित गर्ने। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश मन्त्रालय तथा निकाय सबै, | • रणनीति कार्यान्वयनको अनुगमन भएको हुने,<br>• सहयोग, समन्वय र अन्तर आवद्धता स्थापित भएको हुने, | निरन्तर<br>निरन्तर | |

## अनुसूची-१

# कोशी प्रदेशका मन्त्रालय/सचिवालय/आयोग र कार्यालय

| सि.नं. | मन्त्रालयको नाम | संगठन संरचनाको प्रकृति (प्रदेशस्तर) |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | केन्द्रीय |
| २ | प्रदेश सभा सचिवालय | केन्द्रीय |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | केन्द्रीय |
| ४ | प्रदेश लोक सेवा आयोग | केन्द्रीय |
| ५ | प्रदेश योजना आयोग | केन्द्रीय |
| ६ | प्रदेश लगानी प्राधिकरण | केन्द्रीय |
| ७ | भौतिक पुर्वाधार विकास मन्त्रालय | केन्द्रीय/स्थलगत |
| ८ | खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालय | केन्द्रीय/स्थलगत |
| ९ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | केन्द्रीय/स्थलगत |
| १० | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | केन्द्रीय/स्थलगत |
| ११ | सामाजिक विकास मन्त्रालय | केन्द्रीय/स्थलगत |
| १२ | स्वास्थ्य मन्त्रालय | केन्द्रीय/स्थलगत |
| १३ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | केन्द्रीय/स्थलगत |
| १४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | केन्द्रीय/स्थलगत |
| | जम्मा | १४ वटा |

# कोशी प्रदेशमा रहेका मन्त्रालय मातहत रहेका प्रशासनिक कार्यालय

| सि.नं. | मन्त्रालय | मन्त्रालय अन्तरगतका निकाय | मन्त्रालय अन्तर्गतका निकायहरुको संख्या |
|---|---|---|---|
| १ | स्वास्थ्य मन्त्रालय | • प्रदेश जनस्वास्थ्य प्रयोगशाला, विराटनगर<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगर<br>• स्वास्थ्य तालिम केन्द्र, धनकुटा<br>• स्वास्थ्य निर्देशनालय, धनकुटा<br>• स्वास्थ्य कार्यालय, झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ / संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर<br>• जिल्ला अस्पताल, उदयपुर/इनरुवा,सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ / संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु<br>• जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ /संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर<br>• मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लावारी, मोरङ<br>• प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा<br>• प्रादेशिक अस्पताल, भद्रपुर, झापा<br>• सैलजा आचार्य हृदयरोग केन्द्र, विराटनगर<br>• प्रदेश स्वास्थ्य आपतकालिन कार्य सञ्चालन केन्द्र, विराटनगर<br>• कटारी अस्पताल, उदयपुर | ५० |
| २ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | • घरेलु तथा साना उद्योग कार्यालय, झापा / मोरङ / सुनसरी / इलाम / पाँचथर / ताप्लेजुङ / संखुवासभा / भोजपुर / धनकुटा / तेह्रथुम / खोटाङ / ओखलढुङ्गा / सोलुखुम्बु / उदयपुर<br>• प्रदेश सहकारी रजिष्ट्रार तथा सहकारी प्रशिक्षण कार्यालय, सुनसरी<br>• कृषि विकास निर्देशनालय, विराटनगर, मोरङ<br>• पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, विराटनगर, मोरङ<br>• कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, झुम्का, सुनसरी<br>• पशु सेवा तालिम केन्द्र, दुहवी, सुनसरी<br>• कृषि ज्ञान केन्द्र, झापा / मोरङ / सुनसरी / इलाम / पाँचथर / ताप्लेजुङ / संखुवासभा / भोजपुर / धनकुटा / तेह्रथुम / खोटाङ / ओखलढुङ्गा / सोलुखुम्बु / उदयपुर भेटेरनरी अस्पताल तथा विज्ञ केन्द्र, झापा/मोरङ/सुनसरी/पाँचथर/संखुवासभा/धनकुटा/ओखलढुङ्गा/उदयपुर (तेह्रथुम, ताप्लेजुङ, खोटाङ, भोजपुर, इलाम र सोलुखुम्बु)*<br>• बीउ विजन प्रयोगशाला, झुम्का, सुनसरी<br>• बाली संरक्षण प्रयोगशाला, झुम्का, सुनसरी<br>• माटो तथा मल परिक्षण प्रयोगशाला, झुम्का, सुनसरी<br>• पहाडि क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना, विराटनगर | ५१ |

| सि.नं. | मन्त्रालय | मन्त्रालय अन्तरगतका निकाय | मन्त्रालय अन्तर्गतका निकायहरुको संख्या |
|---|---|---|---|
| ३ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | • खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डिभिजन नं. १, पाँचथर/नं. २ ओखलढुङ्गा/नं. ३ सुनसरी/नं ४ झापा/नं. ५ धनकुटा/भोजपुर/खोटाङ<br>• जलश्रोत तथा सिंचाइ विकास डिभिजन, झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ /संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर<br>• भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन, मोरङ<br>• कन्काई सिंचाइ व्यवस्थान कार्यालय, झापा<br>• चन्दा मोहना सिंचाइ व्यवस्थापन कार्यालय, मोरङ | २४ |
| ४ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | • प्रदेश वन निर्देशनालय, धरान<br>• पर्यटन कार्यालय, धरान, सुनसरी/काँकडभिट्टा, झापा<br>• पर्यटन विकास आयोजना, विराटनगर मोरङ<br>• वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सुनसरी<br>• डिभिजन वन कार्यालय, झापा/मोरङ/सुनसरी/इलाम/पाँचथर/ताप्लेजुङ /संखुवासभा/भोजपुर/धनकुटा/तेह्रथुम/खोटाङ/ओखलढुङ्गा/सोलुखुम्बु/उदयपुर गाईघाट/उदयपुर त्रिवेणी<br>• जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन ईकाई, मोरङ, विराटनगर<br>• भू तथा जलाधार व्यवस्थापन कार्यालय, धनकुटा/ओखलढुङ्गा | २३ |
| ५ | भौतिक पूर्वाधार विकास मन्त्रालय | • यातायात पूर्वाधार निर्देशनालय, ईटहरी सुनसरी<br>• पूर्वाधार विकास कार्यालय पाँचथर/झापा/मोरङ/भोजपुर/संखुवासभा/उदयपुर/ओखलढुङ्गा<br>• शहरी विकास तथा भवन कार्यालय, इलाम/धनकुटा/मोरङ/ओखलढुङ्गा<br>• ग्रामीण सडक सञ्जाल सुधार परियोजना, विराटनगर RCIP | १३ |
| ६ | सामाजिक विकास मन्त्रालय | • शिक्षा विकास निर्देशनालय, धनकुटा<br>• प्रदेश खेलकुद विकास वोर्ड, विराटनगर<br>• प्रदेश संग्रहालय, धनकुटा<br>• व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, ओखलढुंगा/झापा<br>• शिक्षा तालिम केन्द्र, सुनसरी<br>• दीर्घकालिन पुनःस्थापना केन्द्र, विराटनगर<br>• रोजगार सूचना केन्द्र, विराटनगर | ८ |

| सि.नं. | मन्त्रालय | मन्त्रालय अन्तरगतका निकाय | मन्त्रालय अन्तर्गतका निकायहरुको संख्या |
|---|---|---|---|
| ७ | आर्थिक मामिला तथा योजना मन्त्रालय | • प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर<br>• प्रदेश लेखा ईकाइ कार्यालय, झापा/पाँचथर/धनकुटा/उदयपुर/ओखलढुङ्गा | ६ |
| ८ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | • यातायात व्यवस्था कार्यालय सवारी, ईटहरी, सुनसरी<br>• यातायात व्यवस्था कार्यालय स.चा.अ.प., ईटहरी, सुनसरी<br>• यातायात व्यवस्था कार्यालय, झापा/ओखलढुङ्गा/विराटनगर<br>• यातायात व्यवस्था सेवा कार्यालय, इलाम/गाईघाट/धनकुटा | ८ |
| ९ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सम्पर्क कार्यालय, धनकुटा | २ |
| | | कूल सख्या | १८५ |